# गेरुवा गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ३ संख्याः ३ मिति : २०७६/०३/१०


भाग–२

गेरुवा गाउँपालिकाको सूचना

नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ उपदफा (१) बमोजिम बनेको गेरुवा गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६ को दफा (४) बमोजिम गेरुवा गाउँ कार्यपालिकाले मिति २०७६/०३/१० मा जारी गरेको देहाय बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०७६ सालको नियम नं. ३

## बाल उद्धार तथा राहत कोष सञ्चालन कार्यविधि, २०७६

# बालउद्धार तथा राहत कोष सञ्चालन कार्यविधि, २०७६

**प्रस्तावनाः**

गेरुवा गाउँपालिका भित्रका आपत्कालीन एवं जोखिम अवस्थामा रहेका बालबालिकाहरूको तत्काल संरक्षण, उद्धार, राहत र पारिवारिक पुर्नस्थापना गर्न तथा बालबालिकाको हकहितको संरक्षण र सम्बर्द्धन गर्नका लागि स्थानीय स्तरमा आर्थिक स्रोत सङ्कलन गरी परिचालन गर्न गेरुवा गाउँपालिका गाउँ कार्यपालिकाको बालबालिकाको हक अधिकार संरक्षण सम्बन्धी व्यवस्था गर्न बनेको निर्देशिका, २०७६को दफा ११ बमोजिम यो कार्यविधि २०७६ तयार गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः-**

क) यो कार्यविधिको नाम **"बाल उद्धार तथा राहत कोष सञ्चालन कार्यविधि, २०७६**" रहेको छ।

ख) यो कार्यविधि गाउँ कार्यपालिकाको बैठकले स्वीकृत गरेको मिति देखि तुरुन्त लागू हुनेछ।

२. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

क) "कोष" भन्नाले यस कार्यविधिको ४ नं. बुँदामा उल्लेख गरे बमोजिम स्थापना गरिएको गाउँ/वडा स्तरीय बाल कोषलाई सम्झनुपर्दछ।

ख) "गाउँपालिका" भन्नाले गेरुवा गाउँपालिकाको कार्यालयलाई सम्झनुपर्दछ

ग) "वडा कार्यालय" भन्नाले गेरुवा गाउँपालिका वडा कार्यालयहरूलाई सम्झनुपर्दछ।

ख) गाउँ बालसंरक्षण समिति भन्नाले गेरुवा गाउँपालिका भित्र गठित बाल संरक्षण समिति र वडा बाल संरक्षण समिति भन्नाले गेरुवा गाउँपालिका भित्रका वडामा गठित बाल संरक्षण समितिलाई बुझ्नुपर्दछ।

ङ) "आपतकालिन अवस्था एवं जोखिम अवस्थामा रहेका बालबालिका" भन्नाले कार्यविधिको १० नं. बुँदामा उल्लेखित बालबालिकालाई सम्झनुपर्दछ।

च) "सञ्चालक समिति" भन्नाले कार्यविधिको ६ नं. बुँदामा उल्लेख गरे बमोजिम गठन भएको समितिलाई सम्झनुपर्दछ।

**३. कोषको उद्देश्य यस बालकोषका उदेश्य देहाय बमोजिम रहने छन।**

क) जोखिम अवस्थामा रहेका बालबालिकाको उद्दार गर्ने,

ख) जोखिम अवस्थामा रहेका बालबालिकाहरूलाई राहत (आधारभुत आवश्यकता सहित) उपलब्ध गराउने,

ग) जाखिममा रहेका बालबालिकालाई पारिवारिक पुर्नस्थापना गर्ने,

घ) आवश्यक मनोसामाजिक परामर्श तथा स्वास्थ्य उपचार सहयोग गर्ने,

ङ) बिभिन्न कारणले शिक्षाबाट बञ्चित भएका बालबालिका हरुलाई आवश्यक शैक्षिक सहयोग उपलब्ध गराउने

च) जोखिम अवस्थामा रहेका बालबालिका हरूको अधिकार संरक्षण र सम्बर्द्धनको सुनिश्चितता गर्ने,

**४. कोषको स्थापनाः-**

क) गेरुवागाउँपालिका तथा यसअन्तर्गतका वडा कार्यालयमा गाउँ रवडा बालसंरक्षण समितिको बैठकबाट स्वीकृत भई जोखिम वा आपतकालीन अवस्थामा रहेका गाउँ/वडा भित्रका बालबालिकाको संरक्षण गर्न गाउँ/वडा स्तरमा बाल कोषको स्थापना गरिनछ।

ख) बाल कोषमा देहाय बमोजिमको रकम जम्मा हुनेछ ।

१) संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने रकम

२) गेरुवागाउँपालिका/सम्बन्धित वडाले यस कोषमा जम्मा गर्न पठाएको रकम,

३) विभिन्न संघ-संस्था वा व्यक्तिबाट सहयोग स्वरुप प्राप्त हुने रकम,

४) बालबालिकाका क्षेत्रमा कामगर्ने संस्थाले कार्य सम्झौता गर्दा स्विकृत रकमको ०.००२५ प्रतिसतले हुनआउने रकम

५) कोषलाई अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम आदि ।

**५. सञ्चालक समितिको गठन :** कोषको व्यवस्थापन, सञ्चालन एवं स्रोतको खोजी गर्न देहाय बमोजिमको गाउँ/वडा सञ्चालक समिति रहनेछ ।

क) गाउँ सञ्चालक समिति

१) बाल अधिकार समितिको संयोजक - संयोजक

२) गाउँ स्तरीय सामाजिक बिकास समिति संयोजक वा प्रतिनिधि - सदस्य

३) गाउँकार्यपालिकाको महिला सदस्य - सदस्य

४) गाउँ स्तरिय बालक्लव सञ्जालको अध्यक्ष - सदस्य

५) बालबालिकाको क्षेत्रमा कार्यरत संघ संस्था मध्येबाट संयोजकले मनोनित गरेको १ जना - सदस्य

६) महिला तथा बालबालिका शाखा प्रमुख वा उक्त शाखाको जिम्मेवारी सम्हालेको कर्मचारी - सदस्य सचिव

**६. सञ्चालक समितिको काम, कर्तब्य र अधिकार :**

सञ्चालक समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ,

(क) जोखिम अवस्थामा रहेका बालबालिकाको उद्धार गर्ने, स्वास्थ्योपचार गर्ने, पुनर्स्थापना गर्ने, त्यस्ता बालबालिकालाई राहत दिने र शैंक्षिक सहयोग गर्ने सम्बन्धमा आवश्यक कार्यक्रम तर्जुमा गर्ने,

(ख) कुनै बालबालिका जोखिम अवस्थामा भए वा नभएको निर्धारण गर्ने,

(ग) सहयोगको आवश्यकता र उपलब्ध स्रोतको आधारमा सामग्री वा नगद सहयोग गर्ने र सो को विवरण अद्यावधिक गर्ने ।

(घ) प्रत्येक ६ महिनामा कार्य प्रगति विवरण गाउँपालिका/वडा कार्यालयमा पेश गर्ने,,

(ङ) बाल संरक्षण समितिसंग मिलेर जोखिम अवस्थामा रहेका बालबालिकाको तथ्याङ्क सङ्कलन गर्ने/गराउने,

(च) बाल उद्धार कोषबृद्धिको लागि आवश्यक नीति र रचनात्मक क्रियाकलाप सञ्चालन गर्ने ।

(छ) कोषको आय-व्ययको विवरण अद्यावधिक गरी गाउँपालिका, वडा कार्यालय, गाउँ/वडा बाल संरक्षण समितिमा पेश गर्ने,

(ज) कोषको बृद्धिमा सहयोग गर्ने संघ-संस्था वा व्यक्तिको विवरण अद्यावधिक गर्ने,

**७. कोष सञ्चालन विधि**

क) कोषको रकम रु ५००० सम्म सानो नगदीकोषको रुपमा सदस्य सचिवले पेश्की स्वरुप लिई रु ५००० सम्म आवश्यकता, औचित्य र कोष सञ्चालन कार्यविधि अनुसार उपलव्ध गराउने । सो सानो नगदी कोष खर्च भएमा पुन पेश्की स्वरुप दिन सकिने र सो को विवरण समितिको वैठकमा पेश गरि अनुमोदन गर्नु पर्ने छ ।।

ख) रु. ५००० भन्दा बढि तत्काल खर्च गर्नुपर्ने देखिएमा सञ्चालक समितिको संयोजकको सल्लाह बमोजिम रु. २०,०००। सम्म खर्च गर्न सकिने र सो खर्च समिति बैठकबाट अनुमोदा गराउनु पर्ने ।

ग) रु. २०,०००। भन्दा बढि आवश्यकभएमा सञ्चालक समितिको बैठकको निर्णय आवश्यक पर्ने ।

**७. सञ्चालक समितिले गर्न नहुने कामहरू,**

सञ्चालक समितिले देहायका काम गर्न गराउन हुंदैन ।

क) कोषको रकम हिनामिना गर्ने वा कोषको उद्देश्य विपरित समितिका कुनै सदस्य वा अन्य कुनै व्यक्तिलाई लगानी गर्न ।

ख) आपतकालिन अवस्थाका बालबालिकाको तत्काल उद्दार तथा संरक्षण गर्ने कार्यबाहेक अन्य कार्यमा कोषको रकम खर्च गर्न ।

**८. सञ्चालक समितिको बैठक** आपतकालिन अवस्थाका बालबालिकाहरूको संरक्षणको लागि गाउँ/वडा बाल संरक्षण समिति मार्फत् गाउँपालिका/वडा कार्यालयमा परेका निवेदन उपर छलफल र निर्णय गर्न सञ्चालक समितिको बैठक देहाय बमोजिम बस्नेछ ।

क) सञ्चालक समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ ।

ख) सञ्चालक समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ । निजको अनुपस्थितिमा सञ्चालक समितिको सदस्य सचिवले गर्नेछ ।

ग) सञ्चालक समितिले सहमतिका आधारमा निर्णय गर्नेछ र सहमति नभएमा बहुमतले गरेको निर्णय मान्य हुनेछ ।

घ) सञ्चालक समितिको निर्णय सदस्य-सचिवले प्रमाणीत एवं अद्यावधिक गरी राख्नेछ ।

ङ) सञ्चालक समितिको सम्पर्क स्थान गाउँपालिकाकाको महिला तथा बालबालिका शाखा तथा वडा स्तरमा बालमैत्री सम्पर्क शाखामा रहनेछ ।

**९. लेखा परिक्षणः-** गेरुवा गाउँपालिकाले नियुक्त गरेको लेखापरिक्षकबाट प्रत्येक बर्ष आय-ब्ययको विवरणको लेखापरिक्षण गराउनुपर्नेछ ।

**१०. आपतकालीन एवं जोखिम अवस्थाका बालबालिका अन्तर्गत देहायका बालबालिका पर्दछन्**

१) जोखिमपूर्ण श्रममा संलग्न रहेका,
२) यौनशोषण, यौन दुब्र्यर्यवहार, बेचविखन वा ओसार पसारमा परेका,
३) शारीरिक वा मानसिक यातना वा भेदभाव जस्ता दुर्व्यवहारबाट पिडित,
४) अपाङ्गता भएका,
५) दुर्घटनामा परेका वा प्राकृतिक प्रकोपमा परेका,
६) हिंसाबाट प्रभावित एवं पिडित भएका,
७) हराएको वा वेवारिसे अवस्थामा फेला परेका,
८) ऋणको कारणले बन्धकमा रहेका वा जबरजस्ती श्रममा लगाई पिडित भएका,
९) बाबु/आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरको कारणले बेवारिसे भएका,
१०) बाबुआमा वा आफन्तजनको संरक्षणबाट बंचित भएका,
११) सुस्त मनस्थीति भएका,

१२) अपहरण वा शरिर बन्धकमा परेका,
१३) सडक बालबालिका,
१४) एच.आई.भि.संक्रमित तथा प्रभावित भएका,
१५) सञ्चालक समितिले आपतकालिन अवस्थामा रहेका भनि ठम्यााएका  अन्य बालबालिका ।

**११. निवेदन दिन सक्ने :** यस कार्यविधिको १० नं. बुँदामा उल्लेख गरिएका बालबालिकाहरूको संरक्षण, उद्धार तथा राहतको लागि आफ्नो परिचय खुल्ने गरी गेरुवा गाउँपालिका वा सम्बन्धित वडाहरूमा बसोबास गर्ने जोसुकै सरोकारवाला/ब्यक्तिले गेरुवा गाउँपालिका गाउँ कार्यपालिका अन्तर्गत महिला तथा बालबालिका शाखा, वडा कार्यपालिकाको कार्यालय वा वाल अधिकार संरक्षण समितिको कार्यालयमा बालबालिकाको विस्तृत विवरण खुल्नेगरी निवेदन दिन सक्नेछ ।

**१२. खाताको सञ्चालन :-** बाल कोषको रकम समितिको निर्णयले कुनै पनि नेपाल सरकारबाट मान्यता प्राप्त बैंकमा खाता खोली जम्मा गर्न सकिनेछ । सञ्चालक समितिको संयोजक र सदस्य सचिवको संयुक्त दस्तखतबाट सञ्चालनमा हुनेछ ।

**१३. कोषको रकम फ्रिज नहुने :** प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि कोषको रकम खर्च नभए आर्थिक बर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

**१४. कार्यविधिको ब्याख्या तथा संशोधन :-** यस कार्यविधिमा भएका व्यबस्थाहरूमा कुनै विवाद आएमा कानुन बमोजिम अन्तिम निर्णय गरिनेछ । साथै संशोधन आवश्यक भएमा कार्यपालिकाले बाल अधिकार समितिको सिफारिसमा सञ्चालक समितिको राय लिई कार्यविधि संसोधन गर्न सक्नेछ ।

**१५. कोष खारेज हुन सक्ने अवस्था :-** कुनै कारणबस बाल उद्धार कोषसञ्चालन गर्न आवश्यक नदेखिएमा प्रर्याप्त कारणहरू सहित गाउँ कार्यपालिकाले सञ्चालक समितिको राय लिई कार्यपालिका तथा  गाउँ/वडा समितिको संयुक्त निर्णयले खारेज गर्न सकिनेछ र कोष खारेज भएमा कोषमा रहेको रकम गाउँ/वडा बाल संरक्षणको अगुवाईमा बालहितकारी कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

आज्ञाले,
धर्मराज न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत